## प्रस्तावना

खिजीदेम्बा गाउँपालिकामा भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका लागि स्थानीय स्तरमा कृयाकलापहरू सञ्चालन गर्न एवं खिजीदेम्बा गाउँपालिकाभित्र योजना र विकासका गतिविधिलाई मर्यादित र व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम खिजीदेम्बा गाउँपालिकाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

### १.सङक्षिप्त नाम र परिभाषा

१.संक्षिप्त नाम र प्रारम्भः यस ऐनको नाम **खिजीदेम्वा वाङ्मय प्रतिष्ठान ऐन, २०७९** रहेको छ।

२. यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

### २.परिभाषा

क) वाङ्मय प्रतिष्ठान/प्रतिष्ठान भन्नाले दफा ३ बमोजिम गठन भएको खिजीदेम्बा वाङ्मय प्रतिष्ठान लाई सम्झनु पर्छ।

ख) सभा भन्नाले दफा ८ बमोजिम गठित प्रज्ञा सभालाई सम्झनु पर्छ ।

ग) परिषद भन्नाले दफा ९ बमोजिम गठित प्रज्ञा परिषदलाई सम्झनु पर्छ।

घ) गाउँपालिका भन्नाले खिजीदेम्बा गाउँपालिकालाई सम्झनु पर्छ।

ङ) गाउँपालिका प्रमुख भन्नाले खिजीदेम्बा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

च) अध्यक्ष भन्नाले खिजीदेम्बा वाङ्मय प्रतिष्ठानको प्रमुखलाई सम्झनु पर्छ।

छ)प्रमुख प्रशासकीय अधिकृत भन्नाले खिजीदेम्बा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ज)कार्यपालिका सदस्य भन्नाले खिजीदेम्बा गाउँपालिकाको कार्यपालिकाका सदस्य सम्झनु पर्छ।

झ)उपाध्यक्ष भन्नाले दफा (९)बमोजिम गाउँपालिकाले मनोनयन गरेको खिजीदेम्बा वाङ्मय प्रतिष्ठानको उपाध्यक्षलाई सम्झनु पर्छ।

ञ)परिषद सदस्य भन्नाले ९ बमोजिम गाउँपालिकाले मनोनित गरेको खिजीदेम्बा वाङ्मय प्रतिष्ठानको परिषद सदस्यलाई सम्झनु पर्छ ।

ट)वाङ्मय सभा सदस्य भन्नाले दफा (८) बमोजिम खिजीदेम्बा वाङ्मय प्रतिष्ठानको परिषद सदस्यलाई सम्झनु पर्छ ।

ठ) गाउँसभा भन्नाले खिजीदेम्बा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

ड) सदस्य सचिव भन्नाले गाउँपालिकाले सदस्य सचिवको कामकाजको जिम्मेवारी तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

